# बराहक्षेत्र नगरपालिकाको दलित सशक्तीकरण ऐन, २०८२

नगर सभाबाट पारित मितिः २०८२।०३।१२

प्रमाणिकरण मितिः २०८२।०६।०२

प्रस्तावना

नेपालको संविधानको धारा २४ को छुवाछूत तथा भेदभाव विरुद्धको हक, धारा ४० मा दलितको हक, धारा ४२ मा सामाजिक न्यायको हकको व्यवस्था छ, दलित समुदायमाथि हुने छुवाछुत तथा जातीय भेदभाव र सबै प्रकारका विभेद र असमानताको सार्थक एवं व्यवहारिक अन्त्य र दलितको मौलिक हक, अधारभूत मानव अधिकार र सामाजिक न्यायको सुनिश्चितताका लागि नागरिक तथा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवं शैक्षिक अधिकारको पूर्ण अभ्यास र उपभोगका लागि सक्षम, सवल र सक्रिय बनाउन कोशी प्रदेशको सुनसरी जिल्लाको बराहक्षेत्र नगरपालिका भित्र बसोबास गर्ने दलित समुदायको अधिकार प्रवद्र्धन, सशक्तीकरण र विकास गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा १ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बराहक्षेत्र नगरपालिकाको नगर सभाले यो ऐन वनाएकोछ ।

## परिच्छेद – १

## प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भः

(क) यो ऐनको नाम "बराहक्षेत्र नगरपालिकाको दलित सशक्तीकरण ऐन, २०८२ रहेको छ ।

(ख) यो ऐन तुरुन्त लागू हुनेछ ।

२) परिभाषाः विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस ऐनमाः

(क) "ऐन" भन्नाले बराहक्षेत्र नगरपालिकाको दलित सशक्तीकरण ऐन, २०८२ लाई सम्झनुपर्छ ।

(ख) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

(घ) "आयोग" भन्नाले राष्ट्रिय दलित आयोगलाई सम्झनुपर्छ ।

(ङ) "कसूर" भन्नाले मुलुकी अपराध संहिता, २०७४ तथा जातीय तथा अन्य सामाजिक तथा भेदभाव कसूर र सजाय ऐन, २०६८ बमोजिमको अपराधलाई सम्झनुपर्छ ।

(च) “संहिता” भन्नाले मुलुकी अपराध संहिता, २०७४ लाई सम्झनुपर्छ ।

(छ) “दलित समुदाय” भन्नाले राष्ट्रिय दलित आयोगले अनुसूचित गरेका र आयोगको सिफारिसमा नेपाल सरकारले दलित भनि परिभाषित र सुचीकृत गरेका समुदायलाई सम्झनुपर्छ ।

(ज) “जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव” भन्नाले सार्वजनिक तथा नीजि दुवै स्थानमा जात, जन्म, वंश, वर्ण वा पेशाका आधारमा गरिने कुनै पनि प्रकारको भेदभाव, बहिष्करण, अस्वीकार, प्रतिबन्ध, निषेध, शोषण, दमन, निष्काशन, नाकाबन्दी वा छुवाछूतजन्य व्यवहार, असहिष्णुता वा अवहेलना एवं जातीय भेदभाव तथा छुवाछुत कसूर र सजाय ऐन, २०६८ को दफा ४ बमोजिमको कार्यलाई सम्झनुपर्छ ।

(झ) “प्रदेश” भन्नाले नेपालको संविधानको अनुसूचि ४ बमोजिम कोशी प्रदेशमा समेटीएका जिल्लाहरुलाई ओगटेको नेपालको संघीय इकाइको क्षेत्र, भूभाग र स्वरूपलाई सम्झनुपर्छ ।

(ञ) “प्रदेश सरकार” भन्नाले कोशी प्रदेश सरकारलाई सम्झनुपर्छ ।

(ट) “स्थानीय तह” भन्नाले बराहक्षेत्र नगरपालिकालाई सम्झनुपर्छ ।

(ट) “स्थानीय सरकार” भन्नाले प्रदेश एक अन्तर्गत रहेका स्थानीय सरकारहरुलाई सम्झनुपर्छ ।

(ठ) "भूमि" भन्नाले जोखिम मुक्त र उपभोग्य सरकारी जमिन सम्झनुपर्छ ।

(ड) “सार्वजनिक स्थान” भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, प्राचीन स्मारक, सार्वजनिक स्थल, पाटी–पौवा, धारा, इनार,कुवा, पोखरी, चौतारी, सडक वा बाटो, सार्वजनिक यातायातका साधन, मसानघाट, उद्यान–बगैंचा, कुनैपनि किसिमको धार्मिक स्थल जस्ता सार्वजनिक प्रयोजनमा रहेका स्थान सम्झनुपर्छ र सो शब्दले सार्वजनिक रुपमा वस्तु वा सेवा बिक्री वितरण गर्ने अन्य कुनै पनि स्थान समेतलाई जनाउनेछ ।

(ढ) “सार्वजनिक सेवा” भन्नाले सरकारी वा गैरसरकारी कार्यालय, सार्वजनिक संस्था, यातायात, औद्योगिक वा शैक्षिक प्रतिष्ठान, कम्पनी, फर्म, पसल, होटल, रिसोर्ट,लज, रेष्टुरेण्ट, क्याफे, सिनेमा हल वा नाचघर सम्झनुपर्छ र सो शब्दले कुनै पनि सरकारी वा गैरसरकारी निकायबाट प्रदान गरिने सार्वजनिक प्रयोग वा उपयोगका कुनै पनि सेवा र सुविधा समेतलाई जनाउनेछ ।

(ण) “सार्वजनिक समारोह” भन्नाले भोज–भतेर, पूजा–पाठ,यज्ञ, अनुष्ठान, जन्म, नामाकरण, विवाह, मृत्युजस्ता जुनसुकै प्रकारका धार्मिक, सामाजिक–सांस्कृतिक समारोह सम्झनुपर्छ ।

(त) “सार्वजनिक पद धारण गरेको व्यक्ति” भन्नाले संविधान र अन्य प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनुपर्छ र सो शब्दले सार्वजनिक संस्था, गैरसरकारी संस्था तथा स्थानीय स्तरमा गठन भएको अनौपचारिक समिति समेतको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी समेतलाई जनाउनेछ ।

(थ) “समिति” भन्नाले दफा ३ बमोजिम गठन हुने समिति सम्झनुपर्छ ।

(द) "आवास" भन्नाले उपभोग्य तथा सरकारी मापदण्ड पुगेको भवन सम्झनु पर्छ ।

(ध) "शैक्षिक संस्था" भन्नाले नगरपालिकाको अधिकार क्षेत्रमा रहेका र सरकारी अनुदानबाट संचालित स्कूल, कलेग, विश्वविद्यालय तथा प्राविधिक शिक्षा प्रदान गर्ने संस्था र निजी शैक्षिक संस्था समेतलाई सम्झनुपर्छ ।

(न) " पराम्परागत पेशा" भन्नाले दलित समुदाय भित्रका विभिन्न जातहरुले प्राचिन समय देखि जीविकोपार्जनको लागि अङ्गिकार गर्दै आएको विभिन्न पेशा, सीप, कला तथा ज्ञानलाई सम्झनु पर्छ

(प) "विपन्न दलित" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निश्चित वार्षिक आय भन्दा कम आय भएको भनि तोकेको दलित समुदायको कुनै जात वा परिवार वा व्यक्ति सम्झनुपर्छ ।

(फ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद –२

## दलित अधिकार प्रबद्धन, सशक्तिकरण तथा विकास समिति सम्बन्धी व्यवस्था

३) बराहक्षेत्र नगरपालिका क्षेत्र भित्र दलित अधिकार प्रवद्र्धन, सशक्तीकरण तथा विकास समितिः

(१) दलित अधिकार प्रवद्र्धन, सशक्तीकरण , विकास, जातीय विभेद तथा छुवाछूत घटनाहरूलाई नियन्त्रण, निगरानी गर्न तथा नीति, योजना र कार्यक्रम तर्जुमा गर्न बराहक्षेत्र नगरपालिकामा देहाय बमोजिमको एक दलित अधिकार प्रवद्र्धन, सशक्तीकरण समिति रहनेछ

(क) नगरपालिकाको नगर प्रमुख – अध्यक्ष

(ख) नगरपालिकाको नगर उपप्रमुख – सह-अध्यक्ष

(ग) नगरपालिकाको कार्यपालिकामा प्रतिनिधित्व गर्ने दलित सदस्य – उपाध्यक्ष

(घ) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ङ) स्थानीय निर्वाचित दलित महिला वडा सदस्यहरु मध्येबाट नगरपालिकाका नगर प्रमुखले मनोनयन गरेका २ जना – सदस्य

(च) इलाका प्रहरी कार्यालय प्रमुख १ जना – सदस्य

(छ) दलित अधिकारको क्षेत्रमा कम्तीमा ५ बर्षदेखि कार्यगर्दै आएका दलित समुदायको व्यक्तिमध्ये नगर प्रमुखले मनोनयन गरेको स्थानीय १ जना – सदस्य

(झ) बराहक्षेत्र नगरपालिका सामाजिक विकास शाखा प्रमुख – सदस्य सचिव

(२) पदेन सदस्य बाहेक मनोनित गरिएका सदस्यहरूको पदावधि ५ वर्षको हुनेछ र निजहरू पुनः नियुक्त हुन सक्नेछन् ।

(३) समितिले आवश्यक देखेमा आफ्नो स्थानीय तहको सम्बन्धित सरोकारवाला निकाय, व्यक्ति वा

कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४) बराहक्षेत्र नगरपालिकाको दलित अधिकार प्रवद्र्धन, सशक्तीकरण तथा विकास समितिको काम, कर्तव्य

र अधिकारः (१) यस ऐनको दफा ३ बमोजिम गठित स्थानीय दलित अधिकार प्रवद्र्धन, सशक्तीकरण तथा विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) दलितको सशक्तीकरण तथा विकास गर्नको लागि आवश्यक नीति, कार्यक्रम तथा वजेटको वारेमा छलफल गरि प्राप्त सुझाव नगर सभामा पारितको लागि पेश गर्ने ।

(ख) प्रत्येक वडालाई दलितको सशक्तीकरण तथा विकासका लागि आवश्यक नीति, कार्यक्रम र वजेट छुट्याउन आवश्यक समन्वय गर्ने ।

(ग) जातीय विभेद तथा छुवाछुतको व्यवहारिक अन्त्यको लागि आवश्यक प्रवद्र्धनात्मक, निरोधात्मक तथा प्रोत्साहनात्मक कार्यहरु गर्न तथा गराउन अभिप्रेरित गर्ने ।

(घ) दलितहरुको पहिचान, परम्परागत सीप तथा पेशाको आधुनिकीकरण, सम्वद्र्धन तथा प्रवद्र्धन, सशक्तीकरणका लागि आवश्यक नीति, कार्यक्रम र वजेट कार्यान्वयन गर्ने गराउने ।

(च) जातीय विभेद तथा छुवाछुतका घटना घटेमा त्यसको अनुगमन गरि पीडकलाई सजाय र पीडितलाई न्याय दिलाउन कानून वमोजिम गराउन आवश्यक पहल गर्ने साथै सुरक्षा दिनुपर्ने भए आवश्यक समन्वय गर्ने ।

(ञ) पालिकास्तरमा कुनै अन्तर्राष्ट्रिय वा राष्ट्रिय संघसंस्थाहरुले दलितसम्बन्धी कार्यक्रमको सञ्चालनमा सहकार्य र समन्वय गर्ने ।

(ट) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५) दलित अधिकार प्रबद्र्धन, सशक्तीकरण र विकास समितिको बैठक तथा कार्यविधिः

(क) समितिको बैठक दुइ महिनामा एक पटक बस्नेछ ।

(ख) अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्नेछ उक्त बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(ग) समितिको बैठक बस्ने सूचना अध्यक्षको निर्देशनमा समितिको सदस्य–सचिवले सदस्यहरूलाई पठाउनु पर्नेछ । बैठकको सूचना ३ दिन अगावै जानकारी गराउनु पर्नेछ ।

(घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(ङ) समितिले सम्बन्धीत क्षेत्रका कुनै पदाधिकारी, प्राविधिज्ञ वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(च) समितिको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

(छ) समितिको बैठक सम्बन्धी अन्य नीति, निर्देशिका तथा कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(झ) समितिको लागि आवश्यक आर्थिक भौतिक तथा प्राविधिक साधन र स्रोत नगरपालिका कार्यालयले व्यवस्थापन गर्नु पर्नेछ ।

६) कर्मचारीको व्यवस्थाः दलित अधिकार प्रबद्धन, सशक्तीकरण तथा विकासको लागि नगरपालिकाले आवश्यक कर्मचारिको व्यवस्था गर्नेछ ।

## परिच्छेद – ३

## शिक्षा सम्बन्धी व्यवस्था

७) दलित समुदायलाई निःशुल्क शिक्षाः (१) नेपालको संविधानको धारा ३१ र धारा ४० (२) र अनिवार्य तथा निःशुल्क शिक्षाको सम्बन्धी ऐन २०७५ अनुसार बराहक्षेत्र नगरपालिकाले प्रत्येक दलित विद्यार्थीलाई प्राथमिक तहदेखि उच्चमाध्यमिक तहसम्म अनिवार्य, गुणस्तरीय र छात्रवृति सहित निःशुल्क शिक्षाको व्यवस्थापन र कार्यान्वयनको लागि देहाय बमोजिमको कार्य गर्ने छ ।

(क) उपदफा १ बमोजिम छात्रवृति सहित निःशुल्क उच्च शिक्षाको लागि नीति, योजना र कार्यक्रम बनाई कार्यन्वयन गर्न सक्नेछ ।

(ख) उपदफा १ बमोजिम आधारभूत तहदेखि माध्यमिक तहसम्म छात्रवृति सहित अनिवार्य, गुणस्तरीय र निःशुल्क शिक्षाका लागि लागि नगरपालिको नीति, योजना अनुसार कार्यक्रम बनाई लागू गर्न सक्नेछ ।

(ग) संघीय सरकार तथा प्रदेश सरकारलले प्रदान गर्ने छात्रवृत्ति कार्यान्वयन गर्नुका साथै बराहक्षेत्र नगरपालिकाले प्रदान गर्ने दलित विद्यार्थीलाई स्नातक तहदेखि विद्यावारिधीसम्म अध्ययन गर्न छुट्टै छात्रवृत्ति सम्बन्धी कार्यविधि बनाएर कार्यान्वयन गर्न सक्नेछ ।

(घ) बराहक्षेत्र नगरपालिकाले प्राविधिक शिक्षातर्फ इन्जिनियर, डाक्टर, कानून, पत्रकारिता पढ्न चाहने दलित विद्यार्थीको लागि छात्रावृत्तिको लागि समन्वय गरिनेछ । स्नातक तहदेखि अध्ययन गर्ने दलित विद्यार्थीलाई मासिक निर्वाहभत्ता, पाठयपुस्तक, ट्युसन शुल्क र पोशाक समेत उपलब्ध गराई निःशुल्क अध्ययनको व्यवस्था गर्नेछ । यो व्यवस्था लागु गर्दा आर्थिक रुपमा कमजोर विद्यार्थीहरुको वर्गीकरण गरि पुरै वा आंशिक छात्रवृत्तिको व्यवस्था गर्ने छ । बराहक्षेत्र नगरपालिकाको पूर्ण वा आंशिक छात्रवृत्तिवाट अध्ययन सम्पन्न गर्ने व्यक्तिहरुलाई आफ्नै पालिकामा सेवा गर्न प्रोत्साहित गरिने छ र यसका लागि आवश्यक कार्यविधि वनाई समन्वय गरिने छ ।

(ङ) बराहक्षेत्र नगरपालिकाले दलित समुदायका विद्यार्थीकोहरुलाई प्राविधिक तहको मध्यमस्तरको सिपमुलक जनशक्ति तयार गर्ने CTEVT को आंगिक तथा साझेदार शिक्षालयहरुमा नर्सिङ्ग, सामान्य चिकित्सा, इन्जिनियरिङ, होटल म्यानेजमेन्ट जस्ता रोजगारमुलक विषयहरु पढाउन छात्रावृत्तिको लागि बजेट व्यवस्थापन गर्न समन्वय गर्न सक्नेछ ।

(च) संस्थागत विद्यालय तथा क्याम्पसहरुमा अध्ययन गर्ने दलित विद्यार्थीलाई पूर्ण छात्रवृतिमा निःशुल्क अध्ययन गर्ने व्यवस्था मिलाउनेछ र सो को कार्यन्वयन भए नभएको नियमित अनुगमन गरिने छ ।

(छ) बराहक्षेत्र नगरपालिकाले नगर क्षेत्र भित्रका प्रत्येक विद्यालयलाई छुवाछूत र भेदभावरहित दलित मैत्री विद्यालय निमार्णका लागि विशेष कार्यक्रम बनाएर कार्यान्वयन गर्नेछ ।

(ज) विद्यालयका पाठ्यक्रम, पाठ्यपुस्तक वा अन्य शैक्षिक सामग्रीहरुमा जातीय भेदभावलाई प्रोत्साहन र प्रवद्र्धन गर्ने खालका सांकेतिक भाषा, चित्र वा कुनैपनि बिषय वा सामाग्रीहरुलाई भएमा त्यसलाई हटाउन आवश्यक कदम चालिने छ ।

(झ) बराहक्षेत्र नगरपालिकाले सामाजिक व्यवस्थाको परिवर्तनको लागि समतामूलक समाजको निर्माण गर्न दलित समूदायको ऐतिहासिक महापुरुषको जीवनी र सम्बन्धीत पर्यटकीय स्थलहरू बराहक्षेत्र नगरपालिकामा विकास गरिने अतिरिक्त पाठ्य सामाग्रीहरुमा अनिवार्य समावेश गराइनेछ ।

(ञ) समाजमा जातीय विभेद हटाइ समतामूलक समाज निर्माण गर्ने खालका कार्यक्रमहरू बनाइ कार्यान्वयन गर्ने र तत्सम्बन्धी प्रचार प्रसार गर्ने गराउने छ ।

(ट) विद्यालय व्यवस्थापन समितिमा दलित समुदायको अनिवार्य प्रतिनिधित्वको नीतिगत व्यवस्था गरि लागू गर्ने गराउने ।

## परिच्छेद – ४

## स्वास्थ्य सम्वन्धी व्यवस्था

८) दलित समुदायलाई निःशुल्क स्वास्थ्यः (१) नेपालको संविधानको धारा ३५ र ४० अनुसार दलित समुदायलाई निःशुल्क एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउन बराहक्षेत्र नगरपालिकाले देहायको व्यवस्था मिलाउने छन् ।

(क) बराहक्षेत्र नगरपालिकाले उपदफा १ बमोजिम दलित समुदायलाई निःशुल्क एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउन नीति, योजना र कार्यक्रम बनाई कार्यन्वयन गर्ने । निशुल्क स्वास्थ्य सेवा उपलव्ध गराउदा आर्थिक अवस्थाको वर्गीकरणलाई समेत आधार मानिने छ ।

(ख) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले प्रदान गर्ने स्वास्थ्य निःशुल्क स्वस्थ्य सेवाको प्रभावकारीता र गुणस्तरीयतालाई अनुगमन गर्नुका साथै आवश्यक सुझाव र निर्देशन दिने ।

(ग) बराहक्षेत्र नगरपालिकामा वसोवास गर्ने दलित समुदायका लागि आवश्यक स्वास्थ्य सेवा उपलव्ध गराउन नगरपालिकासँग समन्वय गरी स्वस्थ्य विमा कार्यक्रमसँग आवद्ध गरिनेछ ।

(घ)  विपन्न एवं अति सिमान्तकृत दलित परिवारको लगत तयार गरि त्यस्ता परिवारको निःशुल्क तथा अनिवार्य स्वास्थ्य वीमाको नीति लागू गरिने छ ।

(ङ) नेपाल सरकारबाट निर्दिष्ट बिशेष जटिल प्रकृतिका रोगहरुमा विशिष्टीकृत स्वास्थ्य सेवाको हकमा दलितका विपन्न परिवारहरुलाई स्वास्थ्य संस्थाहरुवाट औषधि सहित निःशुल्क सेवा प्रदान गर्ने व्यवस्था गर्न आवश्यक सहजिकरणा गर्ने ।

(च) दलित महिला खास गरि गर्भवति तथा सुत्केरी महिलाहरुको लागि आवश्यक पोषणको लागि विशेष भत्ताको व्यवस्था गरिने छ ।

(छ) नेपाल सरकारले ५ वर्ष मुनीका दलित वालवालिकाहरुलाई उपलव्ध गराउने पोषण भत्ताको कार्यान्वयन तथा अनुगमन गरिनुका साथै विपन्न परिवारका वालवालिकाहरुलाई थप पोषणको व्यवस्था गर्न सकिने छ ।

(झ)  दलित समुदायका जेष्ठ नागरिकहरुलाई नियमित स्वास्थ्य जाँचको लागि आवश्यक समन्वय गर्ने ।

## परिच्छेद –५

## सामाजिक सुरक्षा सम्वन्धी व्यवस्था

९) दलित समुदायलाई सामाजिक सुरक्षा सम्वन्धी व्यवस्था

(१) नेपालको संविधानको धारा ४३ अनुसार दलितलाई विशेष सामाजिक सुरक्षाको व्यवस्था मिलाईने छ ।

(क) सवै जेष्ठ नागरिकहरुको लगत राख्दा दलित समुदायका जेष्ठ नागरिकहरुको छुट्टै लगत राख्न सकिनेछ ।

## परिच्छेद – ६

## दलित समुदायको परम्परागत पेशा, सीप तथा व्यवसायको विकास सम्वन्धी व्यवस्था

१०) परम्परागत सीप तथा व्यवसायको विकास सम्वन्धी व्यवस्थाः (१)  नेपालको संविधानको धारा ४० को उपधारा ४ अनुसार दलित समुदायको परम्परागत सीप तथा व्यवसायको विकास, आधुनिकीकरण तथा वजारीकरणको लागि देहाय बमोजमको व्यवस्था मिलाईने छ ।

(क) संघीय सरकारले कार्यन्वयनमा ल्याएको वा ल्याउने “भगतसर्वजीत सीप विकास तथा उत्थानको कार्यक्रम” लाई लागू गर्न आवश्यक कार्य गर्ने ।

(ख) दलितहरुको परम्परागत सीप तथा व्यवसायलाई आधुनिकीकरण गर्नकोलागि आवश्यक सीप विकासको तालिम, औद्योगिकरण तथा वजारीकरणका साथै पूँजीको व्यवस्था गर्न आवश्यक सहयोग तथा सहजीकरण गर्ने ।

(ग) दलितका परम्परागत सीप तथा व्यवसायको संरक्षण, प्रवद्र्धन, सशक्तीकरण तथा उद्यमशिलता तालिमको व्यवस्था गर्ने साथै यसवाट उत्पादित जनशक्तिलाई उद्योगहरुमा खपत गर्ने वा स्वरोजगार बनाउन आवश्यक कार्य गर्ने ।

(घ) दलितहरुको परम्परागत तथा मौलिक पेशाहरुलाई वौद्धिक अधिकार प्रदान गर्नको लागि माथिल्लो निकायसँग समन्वय गर्ने साथै व्यसायकि सिप विकास तथा तालिम केन्द्रसँगको समन्वय र दलित समुदायका परम्परागत पेशा, ज्ञान, सिप, प्रविधिका जानकार व्यक्तिहरुको सहभागितामा आवश्यक कार्यक्रम तयार पारी इच्छुक दलित समुदायका व्यक्तिहरुलाई प्रविधि र सिप विकास तालिम प्रदान गरी परम्परागत पेशाको सम्वद्र्धन र व्यवसायिक रुपमा अगाडी वढाउन प्रोत्साहन गर्न सक्नेछ ।

(ङ) दलित समुदायको परम्परागत पेशा, सीप, कला तथा संस्कृतिको संरक्षण तथा प्रवद्र्धनका लागि एउटा संग्रहालयको स्थापना र संचालन गर्न सकिनेछ ।

(च) दलितहरुको उद्यम विकास गर्नको लागि स्थानीय तहमा संचालित वैंक तथा वित्तीय संस्था, घरेलु सेवा, परियोजना, उद्योग वाणिज्य संघ आदि संग सम्पर्क, समन्वय र सहजीकरण गर्ने ।

(छ) दलित समुदायको आर्थिक सशक्तिकरणको लागि व्यवसाय सञ्चालन गरी जिवकोपार्जन गर्न सहुलियतपूर्ण ऋणको व्यवस्था गर्न बैंक तथा बित्तीय संस्थासँग सहकार्य गर्ने ।

(ज) नगरपालिकाले प्रदान गर्ने विभिन्न खालका सीपमूलक तालिममा दलितका परम्परागत पेशालाई प्राथामिकता दिने ।

## परिच्छेद – ७

## आवास उपलव्ध गराउने सम्वन्धी व्यवस्था

११) आवास विहिन दलितलाई आवास उपलव्ध गराउने व्यवस्थाः नेपालको संविधानको धारा ४० को उपधारा ६ मा व्यवस्था भएअनुसार आवास विहिन दलितहरुलाई एकपटक आवास उपलव्ध गराउन देहाय बमोजिमको व्यवस्था गरिने छ ।

(क) संघ, प्रदेश तथा बराहक्षेत्र नगरपालिकाले जनता आवास कार्यक्रमलाई समेत धारा ४० को ६ बमोजिमको कार्यक्रमसंग समन्वय गरी संचालन गरिनेछ ।

(ख) भूमिहिन दलितहरुलाई जग्गा उपलव्ध गराउन माथिल्लो तहका सरकारसँग समन्वय गरिनेछ ।

परिच्छेद – ८

बराहक्षेत्र नगरपालिकाका सवै निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व सम्वन्धी व्यवस्था

१२) नगरपालिकाका सवै निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व गराउने व्यवस्थाः

(क) नेपालको संविधानको धारा ४० को उपधारा १ अनुसार बराहक्षेत्र नगरपालिकाका सवै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा देहाय बमोजिमको प्रतिनिधित्वको व्यवस्था मिलाईने छ ।

(ख) नगरपालिका अन्तरगत रहने कुनै पनि निकाय तथा सेवा केन्द्रहरुमा दरवन्दी खुल्दा समानुपातिक समावेशी सिद्धान्तको आधारमा भर्ना लिईने छ । नगरपालिकाले कर्मचारी भर्ना गर्दा ९ प्रतिशत दलितको आरक्षण सिटको व्यवस्था गरिनेछ ।

(ग) संघ, प्रदेश तहमा खोलिएका लोकसेवा तथा अन्य निकायको दरवन्दी खुल्दा त्यसमा प्रतिस्पर्धा गर्न सक्ने वनाउनका लागि आवश्यक तयारी कक्षा संचालन गरिने छ वा त्यस्ता तयारी गराउने संस्थामा पठाईने छ र अति गरिब परिवारका दलितलाई निशुल्क पढाईने छ ।

(घ) नगरपालिका अन्तर्गत नगर प्रहरीको भर्ना हुनको लागि आवश्यक न्यूनतम योग्यता पुगेका दलितहरुलाई त्यहाँ पुर्याउनका लागि तयारी कक्षा तथा शारीरिक सक्षमताको कम्तिमा तीन महिनाको निशुल्क तालिम प्रदान गरिने छ ।

परिच्छेद – ९

छुवाछूत तथा जातीय विभेद उन्मूलनसम्वन्धी व्यवस्था

१३) छुवाछूत तथा जातीय विभेद उन्मूलनसम्वन्धी व्यवस्थाः

(क) नेपालको संविधानको धारा २४ तथा जातीय तथा अन्य सामाजिक छुवाछूत कसूर र सजाय ऐन, २०६८ का लागि देहाय बमोजिमको कार्य गरिने छ ।

(ख) नगरपालिकाका प्रमुखको नेतृत्व र सम्बन्धित सबै सरोकारवालाहरुको सहभागितामा छुवाछूत तथा जातीय विभेद अन्त्य सम्बन्धी नगरस्तरीय सामाजिक जनचेतना अभियान संचालन गरिनेछ ।

(ग) दलित समुदायको क्षमता विकासको लागि दलित सचेतना कार्यक्रम सञ्चालन गर्न नगरपालिकाले आवश्यकता अनुसार बजेट विनियोजन गर्नेछ ।

परिच्छेद– १०

विविध व्यवस्था

१४) बजेटको व्यवस्था: दलितको सशक्तीकरण तथा विकास गर्नको लागि निती तथा कार्यक्रम अनुसार आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१५) उजुरी गर्न सक्नेः जातीय भेदभाव तथा छुवाछूतको घटनामापीडित व्यक्ति वा उसका आफन्तले नजिकको प्रहरी कार्यालयमा/प्रहरी चौकीमा उजूरी गर्न सक्नेछ ।

१६) प्रतिवेदन पेश गर्नुपर्नेः (क) समितिले प्रत्येक आर्थिक वर्षको प्रतिवेदन देहाय बमोजिम तयारी गर्नुपर्नेछ ।

(ख) चालु आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र गत आर्थिक बर्षमा गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन तयारी गरि सार्वजनिक गरिनेछ ।

१७) नियम बनाउन सक्नेः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

१८) कार्यविधि तथा निर्देशिका बनाउने अधिकार

(१) यस ऐनको कार्यान्वयन गर्न नगरपालिका ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(१९) यो ऐनमा जे सुकै लेखिएको भएता पनि नेपालको संविधान तथा संघीय ऐन तथा प्रदेश ऐनसंग वाझिने अवस्थामा यसका प्रावधानहरु स्वतः निश्कृय हुनेछन् र आवश्यक संशोधन वा परिमार्जन नगर सभाले गर्ने छ ।

आज्ञाले,
गणेश बहादुर कटुवाल
प्रमुख प्रशासकीय अधिकृत